## ईरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण (EMTA) को सार्वजनिक यातायात सेवा सम्बन्धि जानकारी

ईरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण, ईरी पेन्सिलभानियाका लागि लागि सार्वजनिक यातायात सेवा प्रदायक.

कार्यालय रहेको स्थान: १२७ E. १४ औं स्ट्रिट ईरी PA, १६५०३

२०८ E. बेफ्रन्ट पार्कवे इरी PA, १६५०९

निश्चित मार्ग ग्राहक सेवा: ८१४-४५२-३५१५

प्याराट्रान्जिट/ अशक्त ग्राहकहरुका लागि सेवा: ८१४-४५५-३३३०

## कुनै सेवा उपलब्ध नहुने दिन:

नयाँ वर्ष दिवस, इस्टर, मेमोरियल डे, जुलाई ४ , श्रम दिवस, धन्यवाद दिने दिन वा क्रिसमस दिवसको दिन

## मोबाइल फोन एप्लिकेसनहरु

**आफ्नो बसको पहिचान गर्नुहोस्!**

myStop (माईस्टप)**एप्लिकेसन**

बसआउने वास्तविक समय अनुमानित समय

तपाईंको हातमा निर्देशनहरू हुनेछन्

आफ्नो सवारीको योजना बनाउनुहोस्

आजै हाम्रो मोबाइल एप्लिकेसनमध्ये एउटा निशुल्क डाउनलोड गर्नुहोस्

**तपाईंको फोनमा बसको पास देख्नु हुनेछ!**

अलमलमा नपर्नुहोस् र बसको पासहरू खरिद गर्नुहोस्

दिनको कुनै पनि समयमा तपाईको फोनमा

टोकन ट्रान्जिट एप्लिकेशन आजै डाउनलोड गर्नुहोस्!

## बस रुट (मार्ग)हरू

रुट १ - ग्लेनवुड (Glennwood)

रुट ३ - पीच स्ट्रिट (Peach Street)

रुट ४ - लिबर्टी स्ट्रिट (Liberty Street)

रुट ११ - हार्बोरक्रिक (Harborcreek)

रुट १२ - एल्बियोन (Albion)

रुट १४ - एडिनबोरो (Edinboro)

रुट १५ - पूर्वको ३८ औं सडक (East 38th Street)

रुट १६ - उत्तर पूर्व (North East)

रुट १७ - ब्रिग्स एभेन्यु* ( Briggs Ave*)

रुट १८ - पेन स्टेट बेहरेन्ड * ( Penn State Behrend*)

रुट १९ – ग्यानोन युनिभर्सिटी* ( Gannon University*)

रुट २० A- डाउनटाउन लूप ( Downtown Loop)

रुट २० B- लिंकन पार्क एण्ड राईड (Lincoln Park-n-Ride)

रुट २० C- कोर्टहाउस /युपिएमसी (Courthouse/UPMC)

रुट २० L- कल्चरल लूप (Cultural Loop)

रुट २१ - लरेन्स पार्क (Lawrence Park)

रुट २१- लरेन्स पार्क (Lawrence Park)

रुट २२ - टाकोमा( Tacoma)

रुट २३- बेले भ्याली (Belle Valley)

रुट २४ - म्याक्लेल्याण्ड (McClelland)

रुट २५ - वेस्लेभिल (Wesleyville)

रुट २६ - पूर्वी २६औं स्ट्रिट (East 26th St.)

रुट २७- स्टेट स्ट्रिट (State Street)

रुट २८- इरी हाइट्स (Erie Heights)

रुट २९- एस्बरी (Asbury)

रुट ३० - वेस्ट मिलक्रिक (West Millcreek)

रुट ३१ - फ्रन्टियर (Frontier)

रुट ३२ - वेस्ट लेक ( West Lake)

रुट ३३ - प्रेस्क आईल्याण्ड (Presque Isle)

रुट १०५ - कोरी लूप (Corry Loop)

रुट २२९ - फेयरभ्यू (Fairview)

* कलेजको कक्षाहरु चलिरहेको बेला



## भाडा सम्बन्धी जानकारी

पूरा भाडा - युएस डलर १.६५

ट्रान्सफर - युएस डलर ०.४५

२०-राइड पास - युएस डलर २८.००

५ -राइड पास - युएस डलर ७.५०

कृपया सही भाडा तिरेर बसमा चढ्नु होस्। पछी कुनै रकम फिर्ता हुने छैन।

## असीमित रुपमा सवारी गर्नका लागि

१- दिन- युएस डलर ३.३० (बसमा खरिद गरिएको)

३१- दिन- युएस डलर ५२.००

## अन्य भाडा सम्बन्धि जानकारी

हाम्रो मोबाइल एप्लिकेशनको सहयोगले तपाईंको फोनमा बस पास भएको देख्नु हुनेछ। (टोकन ट्रान्जिट)

शारिरीक रुपमा अशक्त भएका ग्राहकहरू घटाइएको सहुलियत भाडाका लागि योग्य हुन सक्नेछन्।. ६५ वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकहरूले वरिष्ठ पासको साथ EMTA कुनै पनि निश्चित तय गरिएको मार्गमा निःशुल्क सवारी गर्न सक्नेछन् ।

घटाइएको भाडा - युएस डलर ०.८०

ट्रान्सफरका लागि घटाइएको भाडा - युएस डलर ०.२५

जेष्ठ वा वरिष्ठ नागरिक (निःशुल्क)

४ बर्ष र सोभन्दा मुनीका बालबालिकाहरु (निःशुल्क)

स्थानीय विश्वविद्यालयका विद्यार्थीहरू- निःशुल्क (विद्यार्थी परिचय पत्र र हालको इस्टिकर आईडेन्टिफायर साथमा हुनुपर्ने)

## अशक्तता भएका ग्राहकहरू

हाम्रो लक्ष्य भनेको ईरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरणमा (EMTA)मा तपाईंको सवारीलाई सुरक्षित, रमाइलो र सुविधाजनक अनुभवको बनाउनु हो यदी तपाईं मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरणमा (EMTA)को निश्चित मार्ग वा पाराट्रान्जिट अन्तर्गतका प्रावधानहरुको लागि योग्य हुनुहुन्छ भने, हाम्रो साधन (फ्लीट) र टोली अशक्तता भएका ग्राहकहरूलाई समायोजन गर्न सजिलैसँग उपलब्ध हुनेछन्।

हाम्रा प्रत्येक बसहरु अशक्त व्यक्तिहरूका लागि (ADA) पहुँचयोग्य छन् र सिट प्रणाली, प्राथमिकतामा धारमा तय गरिएको छ ।

## वरिष्ठ/ज्येष्ठ नागरिकहरू

ईरी काउन्टीका ६५ बर्ष र सोभन्दा माथिका नागरिकहरू इरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरणको वरिष्ठ/ज्येष्ठ नागरिक यातायात कार्यक्रमको सुविधाका लागि योग्य हुनेछन्।

चाहे त्यो इरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण (EMTA) को पूर्ण रूपमा अशक्तता भएकाहरुका लागि निश्चित(रूटको बस होस् वा लिफ्ट (LIFT) कार्यक्रम (प्यारा‍ट्रान्जिट अशक्त ग्राहकहरू) मार्फत घर घरमा सेवा दिनुपर्ने निःशुल्क सवारी होस्, इरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण (EMTA) ले तपाईंलाई जहाँ जानुपर्ने हो, त्यहाँ पुर्‍याउनेछ।

## लिफ्ट (LIFT) कार्यक्रम (प्याराट्रान्जिट अशक्त ग्राहकहरू)

इरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण (EMTA) को साझा सवारी कार्यक्रम ईरी काउन्टीको सुरक्षित,भरपर्दो, ग्राहक(मैत्री अग्रिम अनुरोध गर्न सकिने यातायात प्रणाली हो। इरी मेट्रोपोलिटन ट्रान्जिट प्राधिकरण (EMTA) द्वारा प्रदान गरिएको साझा सवारी सेवाहरू सबै संस्थाहरू र एरी काउन्टीका बासिन्दाहरू,जो बस मार्गहरूभन्दा बाहिर बस्छन् वा बस सेवाहरू प्रयोग गर्न असमर्थ छन्, उनीहरुका लागि समेत उपलब्ध छ।.

साझा सवारी कार्यक्रम ईरी काउन्टीको सिमानाभित्र सञ्चालन हुन्छ र घर घरमा सेवा प्रदान गर्दछ। मेडिकल अपोइन्टमेन्ट, किनमेल र मनोरञ्जन गतिविधिहरूमा यातायातको विशेष सवारी सुविधाहरु पनि समावेश छन्।

LIFT लाई ८१४.४५६.२२९९ मा सम्पर्क गर्नुहोस् ।

## कसरी सवारी गर्ने गाईड

१. सबैभन्दा पहिले आफ्नो गन्तव्य चयन गर्नुहोस्। बसको तालिकाहरू हाम्रा कार्यालयहरू, बस राखिने स्थानहरु, वेभसाईट www.ride-the-e.com वा myStop एप्लिकशेनमा उपलब्ध छन् ।

२. प्रणाली नक्साले यात्रा गरिने ईरी वरिपरिका प्रत्येक रुटहरु देखाउँछ। तपाईंको गन्तव्यको नजिक रहेको रुट नम्बर फेला पार्नुहोस्।

३.आफ्नो बस स्टपमा उभिनुहोस्। केही बस स्टपहरूमा तय गरिएका बसका चिन्हहरू सँग लगाईएका हुन्छन्। यदि तपाईले रुटमा चढ्न चाहनु भएको स्थान नजिकै कुनै चिन्ह पोस्ट गरिएको छैन भने, नजिकको चौराहामा जानुहोस् र बस गुडीरहेको सडकको छेउमा पर्खनुहोस्। चालकले तपाईंलाई देख्न सक्ने ठाउँमा तपाईं उभिनु भएको छ भनी सुनिश्चित गर्नुहोस्।

४. चढ्नु अघि बस पुग्ने गन्तव्यका संकेतहरू पढ्नुहोस्। ई बसहरूलाई तिनीहरूले सेवा दिने रुटको नाम र नम्बरहरूका चिन्हहरु लगाइएको हुन्छ। ति चिन्हहरुहरू बसको अगाडि राखिएका हुन्छन्।

## अन्य जानकारी

- तपाईं चढ्दा बसको सही भाडा वा तपाईंको बसको पास तयार राख्नुहोस्।
- यदि तपाईंलाई स्थानान्तरण चाहिन्छ भने, तपाईंले भाडा तिर्दा स्थानान्तरण पास समेत खरिद गर्नुपर्छ।
- बस चढ्नु र बाहिर निस्कनु अघि बस स्टपमा पूर्ण रुपमा नआएसम्म पर्खनुहोस्।
- कुनै पनि बसमा धुम्रपान गर्न, खान, पिउन, रेडियो वा कम्प्याक्ट स्टेरियो बजाउन बिलकुलै अनुमति छैन।
- कृपया वृद्ध वा अशक्तहरूका लागि प्राथमिकतामा राख्ने गरी बस्ने अभ्यास गर्नुहोस्।
- अशक्तहरूलाई सहायता गर्न सेवा गर्ने जनावरहरूलाई बसमा अनुमति छ, तर सिट ओगट्न पाइंदैन र खाली ठाउंमा उभिनु पर्छ। अन्य कुनै घरपालुवा जनावरहरूलाई अनुमति छैन।
- तपाईंका बच्चाहरूलाई चढाउन लागि तयार हुनुहोस् र बस माथि तान्नु अघि तपाईंको स्ट्रलर फोल्ड गर्नुहोस्।
- अरूलाई हानि पुर्‍याउन सक्ने वस्तुहरूबाट हिंड्ने ठाउं खाली राख्नुहोस्।
- जहिले पनि बस स्टपमा केही मिनेट चाँडो पुग्ने प्रयास गर्नुहोस्।
- प्रकाशित बस तालिकाहरू अनुमानित हुन्छन्। सही बस पत्ता लगाउनको लागि कृपया myStop एप्लिकेशन प्रयोग गर्नुहोस्।